# राजधानीलाई सामुदायिक वनको सेवा

दिलराज खनाल

## पृष्ठभूमि

केही कमी कमजोरीहरूका बावजुद नेपालमा सामुदायिक वन (सा.व.) को माध्यमबाट वनको दिगो व्यवस्थापन भएको कुरामा दुई मत छैन । सा.व.कै माध्यमबाट केहीहदसम्म स्थानीय वासिन्दाको जीविकोपार्जनमा सहयोग पुगेको छ । ग्रामीण क्षेत्रमा सामुदायिक वनले शिक्षा, स्वास्थ्य, खानेपानी, ग्रामीण यातायात, विद्युतीकरण र अन्य तमाम सामुदायिक विकासका कामहरूमा निरन्तर योगदान दिदै आएको छ भन्ने कुरा धेरैले महसुस गरेकै विषय हो (फेकोफन, २०६२, नेफेज/एन.एस.सी.एफ.पी., २०६२) । यसैगरी सा.व.ले सामुदायिक विकासका अतिरिक्त प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वन, वातावरण, जैविक विविधता र जलाधार क्षेत्रहरूको संरक्षण र दिगो व्यवस्थापन गरेर वातावरणीय सेवा प्रदान गर्दै आएको कुरा पनि स्पष्ट भईसकेको छ (न्याय मञ्च, २०६१) ।

राजनीति र विकासका दृष्टिकोणले नेपाललाई बेलाबखतमा असफल देश भन्ने गरिएको छ । राष्ट्रिय राजनीतिका सन्दर्भमा यो विश्लेषण केही हदसम्म ठीकै भए पनि स्थानीय लोकतन्त्र र सामुदायिक विकासको परिवेश भने फरक छ । किनकी समुदायले आफ्ना स्रोतहरूको आफै व्यावस्थापन गर्ने र यसका लागि लोकतान्त्रिक अभ्यास गर्ने कुरामा खासगरी सा.व.को माध्यमबाट सफलता प्राप्त गरिरहेका छन् । यो सफलता राज्यले अनुकूल वातावरण सिर्जना गरेर भन्दा पनि समुदायको आफ्नै प्रयासका कारण हात लागेको हो । त्यसैले स्थानीय समुदायले आफूले प्राप्त गरेका सफलताहरूमा आत्मगौरव गर्नुपर्छ । नेपालीलाई यस्तो गौरव गर्ने अवसर जनताका स्थानीय समुदायको प्रयासबाट स्थापित सा.व.ले दिएको छ । यसै क्रममा यो लेखमा खासगरी काठमाडौं उपत्यकाको सेरोफेरोमा सा.व. अधिकार संरक्षणका लागि उपभोक्ता समूहले चलाएका अभियान, यसका सफलता र सा.व.ले राजधानीलाई पुऱ्याएको वातावरणीय सेवाका बारेमा चर्चा गरिएको छ ।

## राजधानीवासी र सामुदायिक वन

नेपालको ग्रामीण क्षेत्रमा सा.व. स्थानीय वासिन्दाहरूको लागि जीवनको एउटा अभिन्न अङ्ग हो ( इसिमोड/एफएओ, १९९५) । तर खासगरी राजधानीको रुपमा रहेको काठमाडौं उपत्यकाको सहरी क्षेत्रमा बस्नेहरूका बीचमा भने सा.व.को सफलता र यसले राजधानीलाई पुऱ्याएको वातावरणीय सेवाको बारेमा त्यति धेरै चर्चा परिचर्चा हुन सकेको पाइँदैन । त्यसैले सा.व.ले काठमाडौं उपत्याकावासीका लागि पुऱ्याएको योगदानको न्यायोचित मुल्याङ्कन भएको महसुस गर्न सकिने अवस्थाहरू छैनन् भन्न सकिन्छ ।

काठमाडौं उपत्यकालाई केही वर्ष अगाडि विश्व बैंकले एशियाकै सर्वाधिक प्रदूषित सहरको रुपमा घोषणा गरेको थियो । त्यसपछि यस विषयमा नागरिक समाज र सरकारका बीचमा गम्भिर आरोप प्रत्यारोपको अवस्था सृजना भएको थियो । यसले यहाँका बासिन्दाहरूलाई तत्कालै कम मात्र असर पर्ने भएकोले यो कुरा आम जनताको बीचमा त्यति चर्चाको विषय बनेन तर काठमाडौं उपत्यका कुनैबेला एशियाकै सबैभन्दा बढी खडेरी वा बाढीग्रस्त र खानेपानीको अभावले हाहाकार मच्चिएको सहरका रुपमा चित्रित भयो भने के हुने ? त्यतिबेला त निश्चित रुपमा यहाँका बासिन्दाहरूको जीवनमा प्रत्यक्ष असर पर्छ नै । यद्यपि काठमाडौं उपत्यकाको सेरोफेरोमा रहेका सा.व.हरूले यस्तो दुर्भाग्यपूर्ण अवस्थाको सृजना हुनबाट रोक्दछन् किनकी सा.व.ले निश्चित रुपमा राजधानीलाई वातावरणीय सेवा

पुऱ्याई सहयोग गर्न सक्छ भन्ने कुरा अनुभवहरूले देखाइसकेको छ । त्यसैले काठमाडौं उपत्याकालाई सा.व.को माध्यमबाट प्राप्त भइरहेको वातावरणीय सेवाको उचित मूल्याङ्कन हुनुपर्छ र यसका लागि सार्वजनिक सहभागितामूलक, खुल्ला र न्यायपूर्ण सुनुवाइ तथा परामर्शहरू हुनुपर्ने आवाजहरू उठ्न लागेका छन् ।

## सामुदायिक वनको वातावरणीय सेवा

कलकारखाना, यातायतका साधन र जनसङ्ख्याको बृद्धिका कारणले पृथ्वीलाई तताउने कार्वनडाईअक्साईड जस्तो हरितगृह ग्याँसको बृद्धि भइरहेको छ । यस्तो हरितगृह ग्याँसलाई वन क्षेत्रको बृद्धि गरेर नियन्त्रण गर्न सकिन्छ (एफएओ, २००३; दाहाल, २०६०) । त्यसैले सन् १९९७ मा जापानमा सम्पन्न जलवायु परिवर्तन सम्बन्धी विश्व सम्मेलनमा जारी गरिएको क्योटो घोषणापत्र (प्रोटोकल) मा स्थानीय समुदायको योगदानबाट संरक्षण गरिएको वनको उच्च मूल्याङ्कन गरिएको थियो । यस घोषणा पत्रले स्थानीय समुदायको योगदानबाट पूनरोपण वा संरक्षण गरिएको वनले पनि कार्वन खपत गर्नका लागि महत्वपूर्ण योगदान गर्ने भएकोले यस वापत स्थानीय समुदायलाई हर्जाना तथा क्षतीपूर्ती स्वरुप रकम प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । यसै आधारमा कोष्टारिका लगायतका थुप्रै अफ्रिकी मुलुकहरूले समेत वातावरणीय सेवा वापत हर्जाना सम्बन्धी कानुनी व्यवस्था गरिसकेका छन् ( एफएओ, २००३) तर नेपालमा सरकारी उदासिनताको कारणले हालसम्म पनि यसरी सा.व.लाई कार्वन व्यापारको दायराभित्र ल्याउनको लागि क्योटो प्रोटोकललाई अनुमोदन गरी कानुनी र संस्थागत संरचना बनाउनेतर्फ वेवास्ता गरिएको छ । यसको कारणले गर्दा स्थानीय समुदायले यस्तो फाईदाको सदुपयोग गर्ने अवसरबाट बन्चित हुँदै आएका छन् । त्यतिमात्र होईन, विश्वका धेरै मुलुकहरूले जलाधार क्षेत्रको वन व्यवस्थापनमा योगदान गर्ने समुदायका लागि तल्लो तटीय क्षेत्रको सहरमा बसोबास गर्ने, खेतीपाती गर्ने समुदाय र जलस्रोतलाई खानेपानी वा अन्य व्यावसायिक प्रयोजनको लागि उपयोग गर्ने पक्षहरूले त्यसबाट प्राप्त फाईदाको निश्चित हिस्सा उपलब्ध गराउनु पर्ने कानुनी र संस्थागत संरचना बनाई व्यवहारमा उपयोग गरिरहेका छन् । अष्ट्रेलियन सरकारले आफ्नो मुलुकको जलाधार क्षेत्रको वन व्यवस्थापन गर्ने समुदाय, कृषि वन समुदाय र सिंचाई समुदायहरूलाई वातावरणीय सेवा वापतको रकम भुक्तानी गर्दै आएको छ । घाना सरकारका लागि यस्तो कार्यमा विश्व खाद्य तथा कृषि सङ्गठन र विश्व बैंकले सहयोग गर्दै आइरहेका छन् । जलाधार क्षेत्रका जनताले जंगल जोगाएका हुन्छन् तर उक्त जंगलको उपयोग गर्नबाट उनीहरू बञ्चित हुन्छन् र उक्त जङ्गलमा उनीहरूको लागि आवश्यक पर्ने पैसा उम्रिदैन । त्यसैले उक्त जङ्गल जोगाए बापत बेलायत, दक्षिण अफ्रिका, हैटी, मेक्सिको, अमेरिका र चीन आदि मुलुकहरूमा जलाधार क्षेत्रका जनताको लागि हर्जना रकम उपलब्ध गराउने कानुनी व्यवस्था गरिएको छ ।

नेपालमा पनि काठमाडौं, पोखरा, सुर्खेत, दाङ जस्ता उपत्यकाहरूको वस्ती, औद्योगिक क्षेत्र, कृषि जमिन र खानेपानीका स्रोतहरूको संरक्षणको लागि उपत्यकाहरूको जलाधार क्षेत्रमा बस्ने समुदायहरूले सा.व.को माध्यमबाट त्यस्ता जलाधार क्षेत्रहरूको संरक्षण गर्दै आएका छन् ।

## वातावरणीय सेवाका लागि सामुदायिक वन अभियान

नेपालमा विभिन्न समयको राजनैतिक अस्थिरता, केन्द्रीकृत प्रशासनिक सोंच, चरम आर्थिक विपन्नता र विभेदका कारणले काठमाडौं उपत्यका सेरोफेरोको वन पनि विनाश हुनबाट जोगिएन । यसरी विनास हुन पुगेको वनलाई अन्य क्षेत्रमा जस्तै काठमाडौं उपत्यकाको सेरोफेरोमा बस्ने स्थानीय समुदायहरूले पनि विगत २०-२५ वर्षदेखि लगातार संरक्षण गर्दै आएका छन् । उपत्यकाको सेरोफेरोमा रहेको सबै वन क्षेत्र काठमाडौं उपत्यकाको लागि पानी र अन्य वातावरणीय सेवा आपूर्ती

हुने प्रमुख जलाधार क्षेत्र हो । अन्य मुलुकका स्थानीय समुदायले यस्ता महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण गरेवापत आर्थिक स्रोत प्राप्त गर्दै आएका छन् तर काठमाडौं उपत्यकाको सेरेफेरोका बासिन्दाहरूले भने सा.व. संरक्षणको लागि विभिन्न संघर्ष गर्दै आउनु परेको छ । यस्ता अभियान र त्यसको सफलताका केही दृष्टान्तहरू यहाँ उल्लेख गरिएको छ :

**क) सामुदायिक मतदान**

२०४२ सालतिरबाट काठमाडौं सुर्केभञ्ज्याङ्गको वन क्षेत्रमा स्थानीय वासिन्दाहरूले आफ्नै प्रयासमा वर्षैपिच्छे बृक्षारोपण गर्दै आएका थिए । त्यसैले उक्त वनमा स्थानीय समुदायको माया थियो । तर २०४५ सालमा त्यहाँको २२ हेक्टर वन क्षेत्र सरकारद्वारा मल्टिच्यूड टी गार्डेन कम्पनी प्रा.लि.लाई कबुलियतमा दिइएको रहेछ । चिया खेती गर्ने उद्धेश्यले कबुलियती वन लिएको यस कम्पनीले वनक्षेत्र मासेर चिया खेती गर्न शुरु गरेपछि चिया कम्पनी र स्थानीय समुदायका बीच द्वन्द्व सुरु भयो । द्वन्द्वको रुप झाङ्गिदै गएपछि स्थानीय पकडभन्दा बाहिर गयो । यस्तैमा लप्सीफेदी गा.वि.स. ले कम्पनीको विरुद्धमा वातावरण संरक्षण र स्थानीय जनताको वनमाथिको अधिकारको दावी गर्दै २०५१ सालमा सर्वोच्च अदालतमा रीट निवेदन गरेको थियो । तापनि उक्त मुद्दा २०५३ सालमा फैसला हुँदा सर्वोच्च अदालतले वन क्षेत्रमा गा.वि.स. र स्थानीय समुदायको हक नहुने निर्णय गर्‍यो । अदालतले स्थानीय समुदायको बिपक्षमा फैसला गरेपनि स्थानीय बासिन्दाहरूले आफ्नो सवालमा आफै फैसला गर्ने भनी भेला आयोजना गरेर यस विषयमा मतदान गर्ने निर्णय गरे । मतदानका क्रममा स्थानीय बासिन्दाको पक्षमा बहुमत र कम्पनीको पक्षमा अल्पमत भएपछि चिया कम्पनीले नैतिकताका आधारमा उक्त वनमा चिया खेती गर्न छाडिदियो । यसपछि स्थानीय जनताले वन आफ्नो जिम्मामा लिएर पून: संरक्षण गर्न सुरु गरे । अहिले यो वन क्षेत्र सा.व.को रुपमा रहेको छ । यो वन क्षेत्र साँखुको बस्ती र साली नदीको जलाधार क्षेत्र भएकोले यसरी संघर्ष गरेर संरक्षण गरिएको थियो ।

**ख) गरिब महिलाको सङ्घर्ष**

२०५५ सालमा काठमाडौंको चुनिखेल र बालुवा गा.वि.स. का स्थानीय समुदायले आफ्नो सा.व. र जलाधार क्षेत्रको वन संरक्षण गर्नका लागि गरेको संघर्ष पनि ऐतिहासिक रहेको छ । त्यहाँ रहेका ३ ओटा सा.व. उपभोक्ता समूहहरूले बृक्षारोपण गरेर हुर्काएको झण्डै १०,००० रोपनी वन क्षेत्रलाई मध्य तथा उत्तर अमेरिकामा सम्पूर्ण आर्थिक कारोवार भएको एबीपी इन्टरनेशनल नामक एक क्यानेडियन कम्पनीले आफ्नो कब्जामा लिएर रिसोर्ट चलाउनको लागि स्थानीय समुदायलाई राजनैतिक तथा प्रशासनिक शक्ति लगाएर ब्यापक दवाव दिइरहेको थियो तर समूह भित्र रहेका स्थानीय गरिब महिलाहरूले उक्त कम्पनीलाई खुल्ला रुपमा चुनौती दिएर उक्त वन विनास हुनबाट रोकेका थिए । स्थानीय वासिन्दाको हित विपरित काठमाडौं उपत्यकाका सा.व.हरूमा हस्तक्षेप गर्न नसकिने देखेपछि उक्त नाफामुखी कम्पनीले सा.व.बाट हस्तक्षेपको हात झिकेको थियो ।

**ग) सामुदायिक पर्यटनको प्रयास**

काठमाडौ उपत्यकाको सेरोफेरोमा रहेका अधिकांश सा.व.हरू निजी क्षेत्रका नाफामुखी पर्यटन व्यवसायीको हस्तक्षेपबाट प्रभावित छन् । यहाँका उपभोक्ता समूहहरू आफैले समुदायमा आधारित पर्या-पर्यटन चलाउन चाहिरहेकोले निजी क्षेत्रको हस्तक्षेप विरुद्ध कैयौं अभियान चलाउँदै आएका छन् ।

ललितपुरको लामाटारमा रिसोर्ट सञ्चालन गर्दै आएको माउण्ट मोनाष्टि प्रा.लि.ले फूलचोकी पहाड अन्तरगत रहेका दुईओटा र भक्तपुरको गुण्डुमा रहेको एउटा सा.व. उपभोक्ता समूहले बृक्षारोपण गरी संरक्षण गर्दै आएका सा.व. क्षेत्रहरूमा बारम्बार वन अतिक्रमण गर्दै आएको थियो । त्यसैले विभिन्न समयमा उपभोक्ता समूहहरूले सङ्गठित भई सा.व. अतिक्रमण रोक्न सफल भएका थिए ।

यसैगरी काठमाडौंको चाल्नाखेलमा रहेको बोसन सा.व. र कीर्तिपुरमा रहेको चम्पादेवी सा.व. क्षेत्रहरू चम्पादेवी इकोफ्रेण्डली कम्पनी प्रा.ली.लाई कबुलियती वनको रुपमा हस्तान्तरण गर्नको लागि सरकारले अपनाएको प्रक्रिया विरुद्ध त्यस क्षेत्रका उपभोक्ता समूहहरूले निरन्तर रुपमा सङ्घर्ष गरेका थिए । कैयौं पटकको अभियानपछि सा.व.माथिको आफ्नो अधिकार सुरक्षित गर्नमा उनीहरूले केही सफलता प्राप्त गरे ।

**घ) वातावरणीय विनासको विरोध**

चन्द्रागिरी पहाड अन्तर्गत रहेका उपभोक्ता समूहहरूले वनमा सञ्चालन गरिने ढुङ्गाखानीको विरुद्ध वर्षौदेखि सङ्घर्ष गर्दै आएका छन् । सा.व.मा ढुङ्गाखानी रोक्न संघर्ष गर्दा २०६० जेठमा ललितपुरको गोदामचौरमा १०४ जना गम्भिर घाइते भए तापनि उनीहरूले अबैध ढुङ्गाखानीलाई चुनौती दिन सफल भए । यस वर्ष पनि ललितपुरको चाँपागाँउका झ्यालुङटार र सिरसिङ्गे सा.व. उपभोक्ता समूहहरूले अबैध ढुङ्गाखानी विरुद्ध सङ्घर्ष गरे । यस कार्यमा सरकारी सहयोग नभए पनि समुदायले हिम्मत हारेको छैन र सा.व.मा दादागिरी गरेर ढुङ्गाखानी सञ्चालन गर्ने कार्यलाई रोक्नमा सफलता मिल्दै गएको छ । यसरी सा.व.को संरक्षणका लागि ललितपुर, कीर्तिपुर र थानकोटको सेरोफेरोमा रहेका सा.व. उपभोक्ता समूहहरूले अबैध ढुङ्गाखानी तथा इँटाभट्टा कम्पनीहरू विरुद्ध निरन्तर सङ्घर्ष गर्दै आएका छन् । यो अभियानमा धेरै सफलताहरू हात लागेका छन् ।

यसरी काठमाडौं उपत्यकाको सेरोफेरोमा रहेका प्रमुख जलाधारीय क्षेत्रका वनहरूलाई स्थानीय समुदायले सङ्घर्ष गरेर संरक्षण गर्दै आएका छन् । यसबाट उपत्यकामा खडेरी पर्न तथा बाढी पैह्रो जानबाट रोकिनुको साथै खानेपानीका मुहानहरूको संरक्षण गर्नमा समेत सहयोग मिलेको छ । यसरी उपत्यकाका सहरहरूमा बस्नेहरूको लागि सा.व.ले वातावरणीय सेवा प्रदान गरे वापत सहरीयाहरूले जलाधार क्षेत्रका बासिन्दाहरूलाई के सहयोग गर्न सकिन्छ भनेर सोच्नु पर्ने समय आएको छ ।

**ङ) सामुदायिक वन सेवाको मूल्य**

राजधानीको सरेफेरोमा रहेको जलाधार क्षेत्रको वनलाई यहाँको समुदायले सा.व.को रुपमा दिगो व्यवस्थापन गर्दै अन्य कुराको अतिरिक्त उपत्यकालाई वातावरणीय सेवा प्रदान गर्न सक्षम छ तर यस समुदायले त्यस्तो कार्यका लागि सामुदायिक स्वतन्त्रता र निश्चित उत्प्रेरणाहरूको अपेक्षा गर्दछ । यद्यपि आर्थिक उत्प्रेरणाका नाममा यहाँको समुदायले आफ्नो स्वतन्त्रता बन्धकी राख्न चाँहदैन । करोडौं रकम खर्च गरेर संरक्षण क्षेत्र घोषणा गर्ने प्रस्ताव र कबुलियती वनका नाममा नाफाखोर धनाढ्य कम्पनीहरूले उपत्यका सेरोफेरोका सा.व.हरू कब्जा गर्ने बद्नियत बिरुद्धको स्थानीय सामुदायिक सङ्घर्ष नै यस कुराको स्पष्ट संकेत हो । त्यसैले काठमाडौंको जलाधार क्षेत्रमा रहेका सा.व.हरू संरक्षण गर्ने स्थानीय समुदायको अभियानमा उपत्यकाको सहरी क्षेत्रमा बस्नेहरूले के योगदान गर्ने भन्ने बारेमा समयमै आफ्ना प्रतिवद्धताहरू घोषणा गर्नु आफ्नै लागि लाभदायी हुन्छ, जसले गर्दा सित्तैमा सा.व.को सेवा लिने सूचीबाट उपत्याकावासीको नाम हट्न सक्छ ।

उपत्यकावासीहरूले यसको सेरोफेरोमा रहेका सा.व.लाई सहयोग गर्नको लागि विभिन्न प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्न सक्दछन् । प्रत्यक्ष सहयोग अन्तर्गत उपभोक्ता समूहहरूलाई पर्या-पर्यटन सञ्चालन गर्नको लागि आर्थिक अनुदान र प्रविधि हस्तान्तरण गर्ने तथा नवीकरणीय उर्जाको विकास गर्ने कार्यमा सहयोग गर्न सकिन्छ । अप्रत्यक्ष सहयोग अन्तर्गत उपभोक्ता समूहहरूले वनको संरक्षणको लागि गरेका प्रयासहरूको प्रचार प्रसार गरिदिने, प्रोत्साहनमूखी कार्यक्रम गर्ने, जैविक विविधता र यसको उपयोग सम्बन्धी परम्परागत ज्ञानको अभिलेख र दर्ता गर्ने जस्ता कार्यहरूमा सहयोग गर्न सक्दछन् ।

**सन्दर्भ सामाग्री**

इसिमोड/एफएओ (१९९५), सामुदायिक वन जीवनको भाषा, क्षेत्रीय सामुदायिक वन उपभोक्ताहरूको प्रथम कार्यशालाको प्रतिवेदन, अतराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र/खाद्य तथा कृषि सङ्गठनको वन, वृक्ष र जनता कार्यक्रम, नेपाल ।

एनएससीएफपी/नेफेज (२०६२), *सामुदायिक वन सफलताका कथा,* नेपाल स्वीस सामुदायिक वन परियोजना/नेपाल वातावरण पत्रकार समूह, काठमाडौं, नेपाल ।

डमिन्द्र दाहाल (२०६०), *सामुदायिक वन विश्वलाई नै योगदान,* हिमाल, कात्तिक, २०६०

सा.व.उ.महासङ्घ, नेपाल (२०६२), *छापामा सामुदायिक वन र स्थानीय विकास,* सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल, राष्ट्रिय सचिवालय, काठमाडौं ।

न्याय मञ्च (२०६१), *वातावरणीय सेवाका लागि भुक्तानी, अवसर तथा चुनौती,* वातावरणीय न्याय, वर्ष ३, अङ्क १ २०६१

FAO (2003), Making Forestry Pay, *Unasylva*, Rome, Italy

M.J. Apps (2003), *Forest, the global carbon cycle and climate change*, Congress Proceeding, XII Forestry Congress, 2003, Canada

(लेखक प्राकृतिक स्रोत व्यवस्थापन कानूनको क्षेत्रमा कार्यरत हुनुहुन्छ ।)